INNOVATIVE RESEARCH JOURNAL VOLUME: 3 ISSUE: 2, DECEMBER, 2024

**DOI:** https://doi.org/10.3126/irj.v3i2.79490

# मधेश प्रदेशको भाषिक अवस्था

**रविन्द्र कुमार यादव**

raviyadav99944@gmail.com

**लेखसार**

*प्रस्तुत अध्ययन मधेश प्रदेशको भाषिक अवस्था अध्ययनमा आधारित छ । यस अध्ययनको मुख्य उद्देश्य नेपालमा बोलिने प्रमुख भाषाको सामान्य पुनरावलोकनसहित मधेश प्रदेशमा बोलिने भाषाहरूको गहन अध्ययन गर्नु रहेको छ । प्रस्तुत अध्ययन गुणात्मक अध्ययनमा आधारित छ । यस अध्ययनमा प्राथमिक स्रोत तथा द्वितीयक स्रोतको उपयोग गरी तथ्य सङ्कलन गरिएको छ । यसमा २०७८ सालको जनगणनामा प्रस्तुत तथ्याङ्कलाई मुख्य आधार मानी अध्ययन गरिएको छ । प्रस्तुत अध्ययनका क्रममा भाषा र भाषिक अध्ययनसँग सम्बन्धित विभिन्न सैद्धान्तिक तथा प्रायोगिक सामग्रीहरुलाई पनि अध्ययनीय आधारका रुपमा लिइएको छ । यस अध्ययनका क्रममा प्राप्त तथ्यलाई विभिन्न तालिकामा राखी व्याख्या, विश्लेषण गरिएको छ । यस अध्ययनका आधारमा नेपालमा बोलिने एक लाखभन्दा बढी वक्तासङ्ख्या रहेका भाषाहरुमध्ये मधेश प्रदेशमा ८ ओटा रहेका, मधेश प्रदेशमा बोलिने ६२ ओटा भाषामध्ये एक लाखभन्दा कम र एक हजारभन्दा बढी वक्ता भएका भाषाहरूको सङ्ख्या एघार रहेको, उन्नाइस ओटा भाषाका वक्तासङ्ख्या एक हजारभन्दा कम रहेका, एक सयभन्दा कम वक्तासङ्ख्या रहेका भाषाहरुको सङ्ख्या २३ रहेको लगायतका निष्कर्ष निकालिएको छ । प्रस्तुत अध्ययनले मधेश प्रदेशमा बोलिने मातृभाषा र त्यसको प्रदेशगत तथा राष्ट्रिय स्थितिबारे जानकारी लिन चाहनेहरुका लागि आवश्यकीय योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।*

**मुख्य शब्दावली :** *मधेश प्रदेश, मातृभाषा, भाषिक अवस्था ।*

## अध्ययनको पृष्ठभूमि

मधेश प्रदेश नेपालको दक्षिणपूर्वी क्षेत्रमा अवस्थित एक प्रदेश हो । नेपालको संविधान २०७२ लागु भएपछि यो प्रदेशको स्थापना भएको थियो । यो नेपालको दोस्रो सबैभन्दा बढी जनसङ्ख्या भएको र क्षेत्रफलको आधारमा सबैभन्दा सानो प्रदेश हो । यो प्रदेशको पूर्व दिशामा कोशी प्रदेश, उत्तर दिशामा कोशी प्रदेश र बागमती प्रदेश, पश्चिम दिशामा बागमती प्रदेश र दक्षिणमा भारतको अन्तर्राष्ट्रिय सीमा छ । यो प्रदेशको क्षेत्रफल ९,६६१ वर्गकिमि (३,७३० वर्ग माइल) रहेको छ । वि.सं. २०७८ को एघारौँ राष्ट्रिय जनगणना अनुसार यो प्रदेशको जनसङ्ख्या ६१,१४,६०० रहेको छ जुन यसलाई नेपालको सबैभन्दा बढी मानव जनघनत्व भएको प्रदेश बनाएको छ । पूर्वमा सप्तरी जिल्लादेखि पश्चिममा पर्सा जिल्लासम्म फैलिएको यो प्रदेशमा जम्मा ८ जिल्ला रहेका छन् । यो प्रदेशका अधिकांश मानिस मैथिली, भोजपुरी, बज्जिका र नेपाली भाषा बोल्ने गर्छन् । धार्मिक र सांस्कृतिक धरोहरको केन्द्रको रूपमा रहेको जनकपुर यो प्रदेशको राजधानीको रूपमा रहेको छ । प्राचीन किम्बदन्तीअनुसार यो विश्वास गरिन्छ कि यो क्षेत्र विदेह वंशको राजधानी थियो । जसले प्राचीन मिथिलामाथि राज्य गरेको थियो । नेपालको पहिलो नियोजित रूपमा बसालिएको सहर राजविराज, नेपालको ९औँ र तराई क्षेत्रको पुरानो नगरपालिकाहरू मध्ये एक हो । यो सहरको नाम प्राचीन राजदेवी मन्दिरको नाममाथि राखिएको छ । यो प्रदेशको एक मात्र महानगरपालिका वीरगञ्ज व्यापारिक र आर्थिक रूपले महत्वपूर्ण छ । यो सहरलाई नेपालको प्रवेशद्वारसमेत भन्ने गरिएको छ । सन् २०१८ जनवरी १७ मे नेपालको मन्त्रिपरिषद बैठकको निर्णयानुसार यो प्रदेशमा अवस्थित जनकपुरलाई अन्तरिम राजधानी घोषित गरेको थियो जसलाई सन् २०२२ जनवरी १७ मा मधेश प्रदेश सभाद्वारा मतदान गरि स्थायी राजधानीको रूपमा मूर्त रूप दिएको हो ।

२०७८ सालको जनगणनाअनुसार नेपालमा १२४ ओटा भाषाहरु बोलिन्छन् । तीमध्ये ६२ ओटा भाषाहरु मधेश प्रदेशमा मात्र बोलिन्छन् । मधेश प्रदेशमा बोलिने भाषाहरुका बारेमा पछल्लो समय खासै अध्ययन, अनुसन्धान नभइरहेको परिप्रेक्ष्यमा प्रस्तुत अध्ययन गरिएको छ । यसबाट भाषा अध्ययनका क्षेत्रमा योगदान पुग्ने अपेक्षा गरिएको छ ।

## अध्ययनको उद्देश्य

अनुसन्धानको क्रममा निर्धारित प्राज्ञिक गन्तव्य पहिल्याउनु नै उद्देश्य हो । दाहाल र खतिवडा (२०६५) का अनुसार "अनुसन्धानका उद्देश्यहरूले अध्ययनको गहिराई र फैलावटलाई स्पष्ट पार्दछ ।" त्यस्तै "अनुसन्धानका क्रममा निर्धारित प्राज्ञिक प्रश्नको समाधान नै उद्देश्य हो" (बन्धु, २०६५, पृ. १७) । अध्ययनको उद्देश्यले अध्ययनलाई विशिष्ट र व्यावहारिक बनाउँछ । यस अध्ययनको मुख्य उद्देश्य नेपालमा बोलिने प्रमुख भाषाको पुनरावलोकन गरी मधेश प्रदेशमा बोलिने भाषाहरूका बारेमा व्याख्या, विश्लेषण गर्नु रहेको छ ।

## अध्ययन विधि

अनुसन्धानकर्ता सत्य र ज्ञानप्रतिको अवधारणामा स्पष्ट भएपछि उक्त ज्ञान प्राप्त गर्ने बाटा र विधिहरू के हुन् भन्ने कुरा विधिशास्त्रले स्पष्ट पार्छ । आफूले खोजी गर्ने ज्ञान यो हो र त्यसको स्वरूप यस्तो हुन्छ भन्ने कुरामा अनुसन्धानकर्ता स्पष्ट भइसकेपछि ज्ञानसम्म कसरी पुग्ने र त्यसलाई कुन रूपमा सङ्कलन गर्ने भन्ने अवधारणा नै विधिशास्त्र हो (खनाल, २०८०, पृ. ६३) । प्रस्तुत अध्ययनमा पुस्तकालय अध्ययन कार्यको प्रयोग गरिएको छ । यस अध्ययनको लागि प्राथमिक स्रोतको रूपमा जनगणनाको तथ्याङ्क, भाषा आयोगको वार्षिक प्रतिवेदन, तथ्याङ्क कार्यलयको नेपालमा बोलिने भाषाहरूलाई प्रयोग गरिएको छ भने द्वितीयक स्रोतका रूपमा विभिन्न पुस्तक, निर्देशिका, वेबलेख, पुनरावलोकन रिपोर्ट, लेखको प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ । शर्मा र पौडेल (२०६८)का अनुसार "यस्ता अनुसन्धान कार्यमा अनुसन्धान कर्ताले आफ्नो उद्देश्यपूर्ति गर्नका लागि आफ्नो नमुना आफैँले खोजेर निर्माण गर्दछन्" (पृ.१३१) । तसर्थ प्रस्तुत लेखलाई अवधारणात्मक ढाँचामा आधारित रही वर्णनात्मक र विश्लेषणात्मक विधिको मिश्रित रूपलाई प्रयोग गरी लेख तयार पारिएको छ ।

## नतिजा र छलफल

यस्अन्तर्गत नेपालको सामान्य जनसाङ्ख्कीय पुनरावलोकनकासाथै मधेश प्रदेशका समग्र मातृभाषाको वर्तमान अवस्थालाई व्याख्या विश्लेषण गरिएको छ । मधेश प्रदेमा बोलिने भाषाहरूका सन्दर्भमा २०६८ सालको जनगनणनामा ८९ भाषा उल्लेख गरिएकोमा २०७८ सालको जनगणनामा जम्मा ६२ ओटा भाषा मात्र रेकर्ड गरिएको छ । २०६८ सालको भाषिक अवस्थालाई हेर्दा २०७८ मा २७ ओटा भाषा लोप भएको देखिन्छ । नेपालको भाषिक अवस्था

तथा मधेश प्रदेशको वर्तमान भाषिक अवस्थालाई थिमअनुसार देहायबमोजिम व्याख्या विश्लेषण गरिएको छ ।

## नेपालको भाषिक अवस्था

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा १% प्रतिशतभन्दा बढी जनसङ्ख्या भएका मातृभाषाको सङ्ख्या १३ रहेको छ । यी १३ ओटा भाषाका वक्ताहरूले नेपालको जनसंख्याको ९०.९४% समेटेका छन् । त्यस्तै १% र सोभन्दा बढी वक्ता सङ्ख्या भएका भाषाहरूको सङ्ख्या २१ रहेको छ । यी २१ भाषाका वक्ताहरूको कुल जनसङ्ख्या नेपालको कुल जनसङ्ख्याको ९४.९५ प्रतिशत हो । बाँकी १०३ ओटा भाषा बोल्ने जनसङ्ख्याको प्रतिशत ५.०५ रहेको छ । त्यस्तै, दश हजार र सोभन्दा माथि र एक लाखभन्दा कम जनसङ्ख्या भएका भाषाहरू ४४ ओटा छन् । त्यस्तै दश हजारभन्दा कम जनसङ्ख्या भएका भाषा ३६ ओटा छन् भने एक हजारभन्दा कम जनसङ्ख्या भएका भाषा २३ ओटा छन् । नेपालका यी मातृभाषाहरूमध्ये धेरै भाषाहरू अझै मौखिक परम्परामा सीमित छन् । लेखन, प्रकाशन, सञ्चार माध्यमहरूमा प्रयोग, मातृभाषामा शिक्षा, सरकारी कामकाजमा प्रयोग, गायन आदि दृष्टिमा नेपालका मातृभाषाहरूमा अझै धेरै काम गर्न जरुरी देखिन्छ । राष्ट्रिय जनगणना (२०७८) को प्रतिवेदन (राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८०) को प्रकाशित विवरणअनुसार मातृभाषाअनुसारको जनसङ्ख्याको विवरण क्रमशः वर्गीकृत रूपमा प्रस्तुत गरिएको छ ।

तालिका २ **एक लाख वा सोभन्दा बढी जनसङ्ख्या भएका मातृभाषाहरू :**

| क्र.स. | मातृभाषा | जनसंख्या | प्रतिशत (%) | जम्मा प्रतिशत (%) |
|---|---|---|---|---|
| १ | नेपाली | १३,०८४,४५७ | ४४.८६ | ४४.८६ |
| २ | मैथिली | ३,२२२,३८९ | ११.०५ | ५५.९१ |
| ३ | भोजपुरी | १,८२०,७९५ | ६.२४ | ६२.१५ |
| ४ | थारू | १,७१४,०९१ | ५.८८ | ६८.०३ |
| ५ | तामाङ | १,४२३,०७५ | ४.८८ | ७२.९१ |
| ६ | बान्तवा | १,१३३,७६४ | ३.८९ | ७६.८० |

| | | | | |
|---|---|---|---|---|
| ७ | अवधी | ८६४,२७६ | २.९६ | ७९.७६ |
| ८ | नेवार (नेपाल भाषा) | ८६३,३८० | २.९६ | ८२.७२ |
| ९ | मगर | ८१०,३१५ | २.७८ | ८५.५० |
| १० | थुले पार्की | ४९४,८६४ | १.७० | ८७.२० |
| ११ | डोटेली | ४१३,७८५ | १.४२ | ८८.६२ |
| १२ | याक्थुङ (लिम्बु) | ३५०,४३६ | १.२० | ८९.८२ |
| १३ | गुरुङ | ३२८,०७४ | १.१२ | ९०.९४ |
| १४ | मगही | २३०,११७ | ०.७९ | ९१.७३ |
| १५ | बैतडी | १५२,६६६ | ०.५२ | ९२.२५ |
| १६ | राई | १४४,५१२ | ०.५० | ९२.७५ |
| १७ | अयामी | १४१,४४४ | ०.४८ | ९३.२३ |
| १८ | बान्तवा | १३८,००३ | ०.४७ | ९३.७० |
| १९ | राजवंशी | १३०,१६३ | ०.४५ | ९४.१५ |
| २० | शेर्पा | ११७,८९६ | ०.४० | ९४.५५ |
| २१ | खस | ११७,५११ | ०.४० | ९४.९५ |

स्रोतः राष्ट्रिय तथ्यांक कार्यालय, २०८० तालिका ३

अनुसार

मातृभाषाअनुसार १ प्रतिशतसम्म र सोभन्दा बढी जनसंख्या भएका भाषा १३ ओटा रहेका छन् । यी १३ ओटा भाषाका वक्ताहरूले कुल जनसंख्याको ९०.९४% समेटेका छन् । त्यस्तै, १ प्रतिशतसम्म जनसंख्या भएका मातृभाषाहरूको सङ्ख्या २१ रहेको छ । यी २१ ओटा भाषाका वक्ताहरूले कुल जनसंख्याको ९४.९५ प्रतिशत समेटेको देखिन्छ (भाषा आयोग, आठौँ) ।

नेपालमा बोलिने भाषाहरूलाई रेकर्ड गर्ने क्रममा राष्ट्रिय जनगणना २०७८ मा रेकर्ड भएका भाषाहरूलाई विभिन्न प्रकारमा वर्गीकृत गरी अभिलेखन गरिएको छ । जसलाई देहायबमोजिम प्रस्तुत गरिएको छ :

**पुर्खाको भाषा :** करिब ३४.७६ प्रतिशत जनसङ्ख्याको पुर्ख्यौली भाषा नेपाली (१०,१३७,००६) रेकर्ड भएको छ। अरु चार सबैभन्दा बढी रेकर्ड भएका भाषा यस प्रकार छन् – मैथिली ( २,९५९,८७६) १०.१५%, भोजपुरी (१,७६८,६१८) ६.०६% , थारु (१,७६४,७०९) ६.०५% र तमाङ (१,६०२,८७५) ५.५% । प्रदेशअनुसारको वितरण क्रम भने फरकफरक छ।

**मातृभाषा मुलुकभरमा :** (अन्य र नखुलेका बाहेक) नेपालीदेखि कुसुण्डासम्मका १२४ मातृभाषा रेकर्ड भएका छन्। पाँच सबैभन्दा धेरै जनसङ्ख्या भएका मातृभाषा यस प्रकार छन् – नेपाली (१३,०८४,४५७), मैथिली (३,२२२,३८९), भोजपुरी (१,८२०,७९५), थारु (१,७१४,०९१) र तमाङ (१,४२३,०७५)। यी पाँच भाषाको प्रतिशत यस प्रकार छ – नेपाली (४४.८६%), मैथिली ( ११.०५%), भोजपुरी (६.२४%), थारु (५.८८%) र तमाङ (४.८८%)।

**दोस्रोभाषा** : दोस्रोभाषा नबोल्नेको सङ्ख्या १४,०२३,०८६ (४८.०८%) रेकर्ड भएको छ। दोस्रो भाषा बोल्नेमध्ये नेपालीलाई दोस्रो भाषा बताउनेको सङ्ख्या अत्यधिक (१३,४८२,९०४; ४६.२३%) छ। अन्य भाषा बताउनेको सङ्ख्या थोरै (९२६,७२८, ३.१८%) छ।

**नेपालका विभिन्न जनगणनामा भातृभाषासम्बन्धी अवधारणा**

मातृभाषाको प्रश्न पहिलो पटक २००९/११ को जनगणनामा सोधिएको थियो। यस बाहेक 'द्वय भाषाभाषी' सम्बन्धी प्रश्न पनि राखिएको थियो – 'यसलाई जनगणनामा "अरुभाषा" भनी सोधिएको थियो'। २०४८ साल र यस पछिका गणनामा मातृभाषा र दोस्रो भाषा पनि सोधिएको थियो। २०७८ सालको जनगणनामा पुर्खाको भाषा थपिएको छ। बोली नफुटेका साना बालबालिका तथा स्वर/बोलाइ सम्बन्धी समस्या भएकाहरू वा कान नसुन्ने समस्या भएकाहरूको मातृभाषा लेख्ने विषयमा गणना पिच्छे फरकफरक नियम दिइएको छ भेटिन्छ।

**मातृभाषाको अवधारणा**

**२००९/११ को जनगणना :** मातृभाषा – बोली फुटे देखिनै बोलिने भाषा हो, बोली नफुटेका साना बालक र लाटाहरूको भाषा लेखदा आमाले जहानमा बोल्ने भाषा जे छ उही जनाई दिनु। अरु भाषा – मातृभाषा बाहेक मामुली संग बोल्न शक्ने दोश्रा भाषा हो।

**२०१८ को जनगणना :** व्यक्तिले बोली फुटेदेखि बोल्नेगरी आएको भाषा मातृभाषा हो। बोली नफुटेका बालक र बालिकाको भाषा लेख्दा आमाले जहानमा जे भाषा बोल्ने गरेको छ, सोही भाषा लेख्नु।

**२०२८ को जनगणना :** प्रत्येक व्यक्तिले बोलि फुटेदेखिकै बोल्दै आएको भाषालाई मातृभाषा भन्दछन् । जन्मेदेखिकै लाटाहरूको मातृभाषा लेख्दा परिवारमा जुन भाषा बोलिन्छ सोही लेख्ने ।

**२०३८ को जनगणना :** मातृभाषा भन्नाले व्यक्तिले बोली फुटे देखिनै बोल्दे आएको भाषालाई जनाउँछ । धेरै सदस्यहरू भएको परिवारमा विभिन्न भाषा बोल्ने व्यक्तिहरू पनि हुन सक्छन् । बोली नफुटेका बच्चा, लाटालाटी र लठचाउराहरूको भाषा लेख्दा उनीहरूको आमाले जे भाषा बोल्ने गरेकी छिन् सोही भाषालाई नै लाटा-लाटी वा लठचाउराको मातृभाषा मान्नु पर्दछ । लेख्नु पर्छ ।

**२०४८ को जनगणना :** मातृभाषा – आफ्नो बाल्यकालमा बाबुआमाले सिकाएको प्रथम भाषा नै मातृभाषा हो । एकै परिवारबीच पनि विभिन्न मातृभाषा हुनसक्छ । त्यसैले घरमूलीको कुनै एक मातृभाषा हुँदैमा परिवारका अन्य सदस्यहरूको पनि त्यही नै हुनुपर्छ भन्ने कुनै जरुरी छैन । बच्चाबच्चीको मातृभाषा पनि आमा बाबुको मातृभाषा भन्दा भिन्नै अर्को कुनै मातृभाषा हुन सक्छ । नवजात शिशुहरू जसको बोली फुटेको छैन वा लाटो (बोल्न नसक्ने भए उनीहरूको मातृभाषा त्यस परिवारमा बोलिने भाषालाई नै मान्नु पर्दछ ।

**२०५८ को जनगणना :** मातृभाषा – ... व्यक्तिले बोली फुटेदेखि नै आमा-बाबुले बोल्न सिकाई आफ्नो परिवारमा वोल्दै आएको पहिलो भाषालाई मातृभाषा भन्नुपर्दछ । नवजात शिशुहरूको मातृभाषा लेख्दा परिवारमा बोल्ने गरेको पहिलो भाषालाई नै मातृभाषा लेख्नु पर्दछ । ... जन्म देखि नै लाटो वा बोल्न नसक्ने भए मातृभाषा जनाउँदा 'सांकेतिक भाषा' लेख्नु पर्दछ । एउटा परिवारमा विभिन्न मातृभाषा बोल्ने सदस्य हुन सक्दछन् । त्यसैले परिवारमूलीको मातृभाषा र अरु सदस्य(हरू) को मातृभाषा फरक हुन सक्तछ । ... बच्चाबच्चीको मातृभाषा आमा वा बाबुको मातृभाषा भन्दा फरक हुन सक्छ ।

**२०६८ को जनगणना :** अघिल्लो जनगणना (२०५८) मा जस्तै छ ।

**२०७८ को जनगणना :** जन्मेपछि बालबालिकाले सबभन्दा पहिले बोल्न जानेको भाषालाई मातृभाषा भनिएको छ । मातृभाषा व्यक्तिले पहिले बोल्न जानेको भाषा हो । परिवारभित्र आमा, बुबा, हजुरआमा, हजुरबुबा, परिवारका अन्य सदस्य, स्याहार सुसार गर्ने व्यक्तिबाट बालबालिकाले पहिलो बोल्न जानेको भाषा नै मातृभाषा हो । नवजात शिशु वा बोल्ने बेला नभएका शिशुहरूको लागि परिवारमा आमा बाबुले बोल्ने भाषालाई उनीहरूको मातृभाषा मानिएको छ ।

(यस पटकको जनगणमा पुर्खाको भाषा *(Heritage language)* पनि सोधिएको थियो ) । कुनै व्यक्तिको आफ्नो परिवार, समुदाय वा जातजातिमा परम्परागत रूपमा बोलिने गरेको पहिचानको भाषा पुर्खाको भाषा वा पुर्ख्यौली भाषा हो । पुर्ख्यौली भाषा सम्बन्धित व्यक्तिले वर्तमान अवस्थामा बोल्ने गरेको भाषा हुन वा नहुन पनि सक्छ । सम्बन्धित व्यक्तिको जिजुबाजे/बोजु, बाजे/बोजु वा हजुरबा/ हजुरआमा कुन भाषा बोल्नुहुन्थ्यो सोही भाषा पुर्खाको भाषा हुन्छ । (टिप्पणी, अन्तरजातीय विवाहबाट जन्मिएका व्यक्तिको पुर्ख्यौली भाषा निर्क्योल गर्ने सम्बन्धमा उदाहरण दिइएको छैन ।)

(नेपालमा जनगणना. राष्ट्रिय तथ्याङ्क कार्यालय)

तालिका ३ **नेपालका प्रमुख मातृभाषाअनुसार जनसङ्ख्या, २००९/११ - २०७८**

| साल | जम्मा जनसङ्ख्या | नेपाली | मैथिली | भोजपुरी | थारु | तमाङ | अन्य |
|---|---|---|---|---|---|---|---|
| २००९/११ | ८,२३,५०,७९ | ४०,१३,५६७ | १०,२४,७८० | ४,७७,२८१ | ३,५९,५९४ | ४,९४,७४५ | १८,६५,११२ |
| २०१८ | ९,४१,२९,९६ | ४७,९६,५२८ | ११,३०,४०१ | ५,७७,३५७ | ४,०६,९०७ | ५,१८,८१२ | १९,८२,९९१ |
| २०२८ | ११,५५५,९८३ | ६०,६०,७५८ | १३,२७,२४२ | ८,०६,४८० | ४,९५,८८१ | ५,५५,०५६ | २३,१०,५६६ |
| २०३८ | १५,०२२,८३९ | ८७,६७,३६१ | १६,६८,३०९ | ११,४२,८०५ | ५,४५,६८५ | ५,२२,४१६ | २३,७६,२६३ |
| २०४८ | १८,४९,१०,९७ | ९३,०२,८८० | २१,९१,९०० | १३,७९,७१७ | ९,९३,३८८ | ९,०४,४५६ | ३७,१८,५७६ |
| २०५८ | २२,७३६,९३४ | १,१०,५३,२५५ | २७,९७,५८२ | १७,१२,५३६ | १३,३१,५४६ | ११,७९,१४५ | ४६,६२,८७० |
| २०६८ | २६,४९४,५०४ | १,१८,२६,९५३ | ३०,९२,५३० | १५,८४,९५८ | १५,२९,८७५ | १३,५३,३११ | ७१,०६,८७७ |
| २०७८ | २९,१६४,५७८ | १,३०,८४,४५७ | ३२,२२,३८९ | १८,२०,७९५ | १७,१४,०९१ | १४,२३,०७५ | ७८,९९,७७१ |

भाषाको सन्दर्भमा विभिन्न विद्वानहरूले विभिन्नआधारमा वर्गीकरण गरेका छन् । भाषाको अस्तित्व लोप हुने वा नहुने सन्दर्भमा वक्ताका आधारमा, वक्ताको उम्मेर, लेख्य परम्परा, वक्तासङ्ख्या आदि आधारमा व्याख्याविश्लेषण गरेको पाइन्छ । युनेस्कोले वक्तासङ्ख्याको आधारमा गरेको भाषावर्गीकरणलाई मधेश प्रदेशको भाषाको विश्लेषणको आधारको रूपमा प्रयोग गरिएको छ ।

**काउस/माइकलकाअनुसार वक्ता सङ्ख्याका आधारमा**

(१)सुरक्षित : १०००००० / दस लाख र सोभन्दा बढी वक्तासंख्या भएको र राज्य संरक्षण पाएको भाषा नेपाली

(२)असुरक्षित र सङ्कटग्रस्त : १०००००० वा दसलाखभन्दा कम वक्तासंख्या भएका,मातृभाषाका रूपमा सिकिंदै गरेको, राज्यको खासै संरक्षण नपाएका भाषाहरु मैथिली,भोजपुरी,थारु, तामाङ,मगर, अवधी ,वान्तवा,गुरुङ,लिम्बू राजवंशी गरी जम्म १२ भाषाहरू

(३) लोपोन्मुख : एक लाख भन्दा कम जनसंख्याले बोल्ने मातृभाषाका रूपमा बालबच्चाहरूले सिक्न छाडिसकेको, (न्यौपाने : २०७०,पृ.९४)

**मधेश प्रदेशको भाषिक अवस्था**

राष्ट्रिय जनगणना २०७८ अनुसार (जनगणना सन्दर्भ दिन २०७८ साल मंसिर ९ गते) मधेश प्रदेशको जनसंख्या ६१,१४,६०० रहेको छ, जसमध्ये पुरुषको संख्या ३०,६५,७५१ (५०.१४ प्रतिशत) र महिलाको संख्या ३०,४८,८४९ (४९.८६ प्रतिशत) छ। जस अनुसार लैङ्गिक अनुपात (Sex Ratio) अर्थात् प्रति १०० जना महिलामा पुरुषको संख्या १००.५५ रहेको छ। वि.सं. २०६८ सालमा कुल जनसंख्या ५४,०४,१४५ र लैङ्गिक अनुपात १०१.१८ थियो। नेपालमा विभिन्न परिवारका १२४ भाषाहरू बोलिन्छन् (स्रोतः वि.सं.२०७८ को जनगणना)। मधेश प्रदेशमा आठ जिल्लाहरू सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा रहेका छन्। यस प्रदेशमा विभिन्न जात-जाति, भाषाभाषी तथा धर्म, साँस्कृतिकका मान्छेहरूको बसोबास रहेको छ। नेपाल एउटा बहुभाषिक देश हो। वि.सं. २०७८ को राष्ट्रिय जनगणनाअनुसार नेपालमा मातृभाषाका रूपमा बोलिने भाषाहरू मूलतः भारोपेली, भोट बर्मेली (चिनियाँ तिब्बती), आग्नेय र द्रविड परिवारअन्तर्गत पर्दछन्। राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा भारोपेली परिवारका ४६ ओटा भाषाहरू बोलिन्छन्, जसमध्ये मधेश प्रदेशमा २७ ओटा बोलिन्छन्। यस्तै नेपालमा भोट बर्मेली परिवारअन्तर्गतका ७२ ओटा भाषाहरू बोलिन्छन् जसमध्ये मधेश प्रदेशमा २९ ओटा भाषाहरू बोलिन्छन्। मधेश प्रदेशमा आग्नेय र द्रविड परिवारका १-१ ओटा भाषा बोलिन्छन्। मधेश प्रदेशमा साङ्केतिक, अन्य तथा उल्लेख नभएका

| क्र.सं. | जिल्ला/ भाषा | सप्तरी | सिराहा | धनुषा | महोत्तरी | सर्लाही | रौतहट | बारा | पर्सा | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | मैथिली | ५०५,८९७ | ५४६,९२५ | ६४७,४३३ | ५०६,६९६ | १६३,५३७ | २०,५८२ | २६,२५५ | ३०,६५३ | २,४४७,९७८ |
| २ | भोजपुरी | ५२७ | २७४ | ७६३ | ९०१ | ६,८३७ | २९,४७६ | ४९५,३०७ | ४६९,६१९ | १,००३,७०४ |
| ३ | बज्जिका | ० | ११ | २७ | ४८ | ३७७,३२७ | ४१३,८९० | ६३ | ९५ | ७९१,४६१ |
| ४ | नेपाली | २६,२७० | २७,३५८ | ३३,७०७ | ३४,९५८ | ९०,८५३ | ४२,०७८ | ६६,४४६ | ३८,६०६ | ३६०,२७६ |
| ५ | उर्दू | २४,६१६ | २२,९३४ | १८,२२५ | ४५,५७२ | ४८,७३४ | १३२,१९८ | ११,६०७ | १३,१२२ | ३१७,००८ |
| ६ | थारू | ६६,४५२ | १७,२५१ | ३९६ | ६,६७९ | १५,७९६ | २२,३९१ | ५१,६३० | २२,८९० | २,०३,४८५ |
| ७ | तामाङ | १,२१२ | ६,०५९ | ७,९२१ | ८,७६७ | ३६,८५० | ११,६०८ | २४,५३१ | ७,८०१ | १,०४,७४९ |
| ८ | मगर | १,५२० | ५,१८९ | ७,०९५ | १२,१९३ | १०,६८६ | २,४७४ | ३,०७७ | ५६९ | ४२,८०३ |
| ९ | मगही | ९१० | २३२ | २३,०९३ | ५,६२१ | १,१४७ | | | | ३१,००३ |
| १० | नखुलेको | ३,९३८ | २,७७३ | ५,३१८ | १,७२८ | ३,३०२ | २,४०० | १,३७१ | १,३१४ | २२,१४४ |
| ११ | नेवार | ८९० | १,२५४ | २,०७१ | १,१७९ | २,८९१ | १,३८३ | २,८७८ | ४,२०३ | १६,७४९ |
| १२ | दनुवार | ४२६ | १,५१४ | १,८८६ | १०८ | ३,६२७ | ८२७ | २१० | १४ | ८,६१२ |
| १३ | हिन्दी | ५३३ | ५७६ | ९७० | १,५१४ | २,०२२ | ८०८ | ४६२ | १,५०६ | ८,३९१ |
| १४ | राजस्थानी | ५६२ | ४०३ | ५७० | १२ | १२१ | २३७ | ११७ | ४,६१६ | ६,६३८ |
| १५ | राई | १,०७९ | ६२४ | ३६५ | २८३ | ६४२ | १,४९३ | ७०३ | १,११४ | ६,३०३ |
| १६ | सुनुवार | १,५३७ | १,५६६ | १७४ | ४३५ | २९४ | ७७ | १५२ | ५,५०० | ५५०० |
| १७ | उराँव | ० | ८३६ | ३६९ | ० | १०४ | ० | ७१४ | २,०२९ | ४,०५२ |
| १८ | डोटेली | १६७ | २९८ | ३२६ | २३५ | ३२ | ६४२ | १९५ | ५१३ | २,४०८ |
| १९ | गुरुङ | २६ | ३० | ३११ | १८ | १८९ | १६१ | ४२४ | २४७ | १,४०६ |
| २० | याख्खा | २२ | ० | २४२ | २९ | ० | ६०३ | ४०६ | १०३ | १,४०५ |
| २१ | बङ्गला | १२१ | २१२ | ५४ | ० | ३० | ३६७ | ३४ | ३१२ | १,१३० |
| २२ | लिम्बू | ३३९ | २२१ | ८४ | १३ | ९९ | २५ | १९५ | १४६ | १,१२२ |
| — | हजारभन्दा कम बक्ता भएका भाषाहरू 66 | २,२४० | २,२४० | १,०८९ | १,९८५ | ८५२ | ४,४६८ | २,७८५ | १,००६ | १,३९३ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| — | **जम्मा** | ६,३९,२८४ | ६,३७,३२८ | ७,५४,७७७ | ६,२७,५८० | ७,६९,७२९ | ६,८६,७२२ | ६,८७,७०८ | ६,०१,०१७ | ५४,०४,१४५ |

भाषाहरूको सङ्ख्या क्रमशः ६३, २१५ र ३१ रहेको छ (अश्क, २०८०)। यस प्रदेशमा बोलिने भाषाहरूमा मुख्यतः भारोपेली, चिनियाँ तिब्बती, आग्नेली तथा द्रविड परिवारका भाषाहरू रहेका छन्।

तालिका ४ **राष्ट्रिय जनगणना २०६८ अनुसार मधेश प्रदेशमा बोलिने मातृभाषाहरू**

राष्ट्रिय जनगणना २०६८ अनुसार मधेश प्रदेशमा बोलिने मातृभाषाहरूलाई हेर्दा जम्मा ८९ ओटा भाषाहरू रहेका छन्। यसमध्ये सातओटा भाषाका वक्ता एक लाखभन्दामाथि छन् भने पन्द्रओटा भाषा एक लाखभन्दा कम एक हजारभन्दा बढी वक्ता रहेका छन्। एक हजारभन्दा कम वक्ता भएका भाषाहरू ६६ ओटा रहेका छन्। यसरी हेर्दा २०६८ सालको जनगणनाको आधारमा मधेश प्रदेशका धेरै भाषाहरू चिन्ताजनक अवस्थामा रहेको देखिन्छ। मधेश प्रदेशमा भएका भाषाहरूमध्ये धेरैजसो भाषाको आफ्नो लिपि, साहित्य तथा सञ्चारमाध्यममा पहुँच रहेको पाइदैँन। यस्ता भाषाहरू कतिपय त लोप भइसकेका छन् भने कतिपय लोपोन्मुख अवस्थामा रहेको छ।

तालिका ५ **राष्ट्रिय जनगणना २०७८ अनुसार मधेश प्रदेशमा बोलिने मातृभाषाहरू**

| क्रम | मातृभाषा | जम्मा | पुरुष | महिला | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | मैथिली | २५,५१,९१७ | १२,८२,८७९ | १२,६९,०३८ | ४१.७३% |
| २ | भोजपुरी | ११,४९,९६२ | ५,९५,५०९ | ५,५४,४५३ | १८.८१% |
| ३ | बज्जिका | ११,२७,२५५ | ५,६६,००४ | ५,६१,२५१ | १८.४४% |
| ४ | नेपाली | ३,५२,१०९ | १,७३,१८१ | १,७८,९२८ | ५.७६% |
| ५ | थारू | २,५४,६८५ | १,२३,५७८ | १,३१,१०७ | ४.१७% |
| ६ | उर्दू | २,४९,६१४ | १,१९,३३८ | १,३०,२७६ | ४.०८% |
| ७ | मगही | २,१५,२३६ | १,०१,८०१ | १,१३,४३५ | ३.५२% |
| ८ | तामाङ्ग | १,००,६६९ | ४८,६६० | ५२,००९ | १.६५% |
| ९ | मगर (ढुट) | ४४,३८५ | २१,४२१ | २२,९६४ | ०.७३% |
| १० | हिन्दी | १४,२३२ | ६,६३७ | ७,५९५ | ०.२३% |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | नेपाल भाषा (नेवार) | १२,७९० | ६,२७३ | ६,५१७ | ०.२१% |
| १२ | दनुवार | ८,५३० | ४,१४१ | ४,३८९ | ०.१४% |
| १३ | उराँव/कडरिया | ५,२९६ | २,५४४ | २,७५२ | ०.०९% |
| १४ | माझी | ४,७३६ | २,३२८ | २,४०८ | ०.०८% |
| १५ | राई | ४,६७६ | २,३०३ | २,३७३ | ०.०८% |
| १६ | मुसलमान | ४,४०३ | १,९३६ | २,४६७ | ०.०७% |
| १७ | मारवाडी | ३,९२६ | २,०२५ | १,९०१ | ०.०६% |
| १८ | गुरुङ | १,३३४ | ६३९ | ६९५ | ०.०२% |
| १९ | अवधि | १,०२२ | ५२० | ५०२ | ०.०२% |
| २० | बङ्गला | ८३१ | ४६१ | ३७० | ०.०१% |
| २१ | सुनुवार | ७६१ | ३७७ | ३८४ | ०.०१% |
| २२ | भुजेल | ७१६ | ३२८ | ३८८ | ०.०१% |
| २३ | संस्कृत | ५६३ | ३०० | २६३ | ०.०१% |
| २४ | खस | ५५६ | ३०५ | २५१ | ०.०१% |
| २५ | चामलिङ्ग | ५४४ | २९४ | २५० | ०.०१% |
| २६ | दुमी | ४११ | २१८ | १९३ | ०.०१% |
| २७ | थामी | ३९५ | १९४ | २०१ | ०.०१% |
| २८ | मगर खाम | २८८ | १४८ | १४० | ०.००% |
| २९ | घले | २५८ | ११७ | १४१ | ०.००% |
| ३० | वाम्बुले | २४५ | १२२ | १२३ | ०.००% |
| ३१ | याक्थुङ / लिम्बू | २१७ | ११८ | ९९ | ०.००% |
| ३२ | चेपाङ | २१६ | १०१ | ११५ | ०.००% |
| ३३ | अन्य | २१५ | १२३ | ९२ | ०.००% |
| ३४ | बोटे | १८० | ८९ | ९१ | ०.००% |
| ३५ | पहरी | १५० | ७८ | ७२ | ०.००% |
| ३६ | डोटेली | १४२ | ९३ | ४९ | ०.००% |

| | | | | | |
|---|---|---|---|---|---|
| ३७ | हायू/भ्यायू | १४१ | ७२ | ६९ | 0.00% |
| ३८ | पञ्जाबी | १०४ | ६१ | ४३ | 0.00% |
| ३९ | राजबंशी | ९६ | ५० | ४६ | 0.00% |
| ४० | बान्तवा | ८९ | ४६ | ४३ | 0.00% |
| ४१ | सिंह भाषा | ६३ | ३० | ३३ | 0.00% |
| ४२ | जिरेल | ५८ | २९ | २९ | 0.00% |
| ४३ | थुलुङ् | ५६ | २४ | ३२ | 0.00% |
| ४४ | कुमाल | ४९ | २३ | २६ | 0.00% |
| ४५ | बाहिङ / बायाङ | ४८ | २६ | २२ | 0.00% |
| ४६ | अङ्ग्रेजी | ४५ | २५ | २० | 0.00% |
| ४७ | जेरो / जेरुङ | ४० | १५ | २५ | 0.00% |
| ४८ | सन्थाली | ३७ | २० | १७ | 0.00% |
| ४९ | तिलुङ | ३६ | १८ | १८ | 0.00% |
| ५० | सिन्धी | ३६ | १६ | २० | 0.00% |
| ५१ | शेर्पा | ३२ | १६ | १६ | 0.00% |
| ५२ | नखुलेको भाषा | ३१ | १५ | १६ | 0.00% |
| ५३ | बझाङ्गी | २६ | ११ | १५ | 0.00% |
| ५४ | धिमाल | २४ | १० | १४ | 0.00% |
| ५५ | दैलेखी | २३ | ९ | १४ | 0.00% |
| ५६ | साम्पाङ | २२ | १२ | १० | 0.00% |
| ५७ | कोचे | १६ | ८ | ८ | 0.00% |
| ५८ | दरई | १५ | ९ | ६ | 0.00% |
| ५९ | तिब्बती | १५ | ६ | ९ | 0.00% |
| ६० | अङ्गिका | १२ | ५ | ७ | 0.00% |
| ६१ | अछामी | ११ | ८ | ३ | 0.00% |
| ६२ | खालिङ्ग | १० | ४ | ६ | 0.00% |

| | | | | | |
|---|---|---|---|---|---|
| जम्मा | ६१,१४,६०० | ३०,६५,७५१ | ३०,४८,८४९ | १००.००% | |

(रा.ज.ग.२०७८)

नेपालको मातृभाषासम्बन्धी तथ्याङ्कअनुसार, कुल ६१,१४,६०० जनसङ्ख्याले विभिन्न मातृभाषा बोल्दछन् । वक्ताको आधारमा हेर्दा मैथिली सबैभन्दा बढी बोलिने भाषा हो, जसका २५,५१,९१७ जना वक्ता छन्, जुन कुल जनसंख्याको ४१.७३% हो । त्यसपछि भोजपुरी (११,४९,९६२ जना - १८.८१%) र बज्जिका (११,२७,२५५ जना - १८.४४%) दोस्रो र तेस्रो स्थानमा छन् । नेपाली भाषा बोल्नेको संख्या ३,५२,१०९ छ, जुन चौथो स्थानमा पर्दछ र यो सरकारी कामकाजको भााषा भए पनि मातृभाषाको रूपमा अल्पसङ्ख्यकले मात्र प्रयोग गरेका छन् । थारू, उर्दू, मगही, तामाङ, र मगर जस्ता भाषाहरू क्रमशः धेरै बोलिने भाषाहरूमा पर्छन् । २५ भन्दा बढी मातृभाषा बोल्नेको सङ्ख्या एक हजारभन्दा कम छ, जसमा धेरैजसो भाषा स्थानीय र लोपोन्मुख छन् । यसले नेपालको भाषिक विविधता स्पष्ट रूपमा देखाउँछ, जहाँ केही भाषाले धेरै ठूलो जनसङ्ख्या समेटेका छन् भने धेरै भाषाहरू अल्पसङ्ख्यक समुदायमा सीमित छन् । २०६८ को जनगणना र २०७८ को जनगणनालाई हेर्ने हो भने २०६८ मा ८९ भाषाहरू रेकर्ड भएको देखिन्छ भने २०७८ को जनगणनामा जम्मा ६२ भाषाहरू मात्र रेकर्ड भएको छ । अर्थात् २७ ओटा भाषाहरू लोप भएको देखिन्छ । जसको प्रमुख कारण भाषिक संरक्षण तथा संवर्द्धनको राज्यको नीति तथा सम्बन्धित भाषाको प्रयोगावस्था र त्यका साहित्य, सञ्चार, शिक्षण लगायतका अन्य स्रोतमा पहुँचको अभाव रहेको प्रष्ट हेर्न सकिन्छ ।


तालिका ६ **मधेश प्रदेशका प्रमुख भाषाहरू (२०११, २०२१)**


| **2011** | | | **2021** | | |
|---|---|---|---|---|---|
| भाषा | जनसङ्ख्या | प्रतिशत | भाषा | जनसङ्ख्या | प्रतिशत |
| :मैथिली | २४,४७,९७८ | ४५.३ | :मैथिली | २५,५१,९१७ | ४१.७ |
| :भोजपुरी | १०,०३,८७३ | १८.६ | :भोजपुरी | ११,४९,९६२ | १८.८ |
| :बज्जिका | ७,९१,६४२ | १४.६ | :बज्जिका | ११,२७,२५५ | १८.४ |
| नेपाली | ३,६०,२७६ | ६.७ | नेपाली | ३,५२,१०९ | ५.८ |

| | | | | | |
|---|---|---|---|---|---|
| उर्दू | ३,१७,०६० | ५.९ | थारु | २,५४,६८५ | ४.२ |
| थारु | २,०३,५७५ | ३.८ | उर्दू | २,४९,६१४ | ४.१ |
| तामाङ | १,०४,९८४ | १.९ | मगधी | २,१५,२३६ | ३.५ |
| मगर | ४२,९३१ | ०.८ | तामाङ | १,००,६६९ | १.६ |
| मगही | ३१,०४९ | ०.६ | मगर ( ढुट) | ४४,३८५ | ०.७ |
| नेवार | १६,९४४ | ०.३ | हिन्दी | १४,२३२ | ०.२ |
| जम्मा | ५४,०४,१४५ | | जम्मा | ६१,१४,६०० | |


**एक लाखभन्दा बढी वक्ता भएका भाषाहरू २०६८ र २०७८ काअनुसार**

चित्र : १ **राष्ट्रिय जनगणना २०६८** **राष्ट्रिय जनगणना २०७८**





चित्र : २





प्रस्तुत पाइचार्टका आधारमा जनगणना २०६८ मा जम्मा ७ ओटा भाषाहरूमात्र एक लाखभन्दा बढी वक्ताहरू रहेको देखिन्छ भने जनगणना २०७८ मा ८ ओटा भाषाहरू एक लाखभन्दा बढी वक्ताहरू रहेको छ । २०६८ मा चौथो स्थानसम्मका भाषाहरू समान रूपमा आफ्नो उपस्थित २०७८ मासमेत कायम राख्न सकेको देखिन्छ तर पाचौँ स्थानमा रहको उर्दू भाषा २०७८ मा छैठौँ स्थानमा छ भने छैठौँ स्थानका थारुभाषा २०७८ मा पाचौँ स्थानमा उक्लिएको देखिन्छ । २०६८ सालको जनगणनामा एक लाखभन्दा माथिको वक्ता भएको भाषाको रूपमा प्रविष्टिसमेत नपाएको मगही भाषा २०७८ मा सातौँ स्थानमा रहेको छ भने २०६८ मा रहेको सातौँ स्थानको तामाङ भाषा २०७८ मा आठौँ स्थानमा झरेको छ ।

**एक लाखभन्दा कम तथा एक हजारभन्दा माथि वक्ता भएका भाषाहरू (२०६८ र २०७८)**

चित्र : ३ **राष्ट्रिय जनगणना २०६८** **राष्ट्रिय जनगणना २०७८**





प्रस्तुत पाइचार्टका आधारमा राष्ट्रिय जनगणना २०६८ एक लाखभन्दा कम र एक हजारभन्दा बढी वक्ता भएका भाषा जम्मा पन्द्र ओटा रहेको छ भने राष्ट्रिय जनगणना २०७८ मा एक लाखभन्दा कम र एक हजारभन्दा बढी वक्ता भएका भाषा जम्मा एघार ओटा रहेको छ। अर्थात् २०६८ मा मगही भाषाका वक्ता एक लाखभन्दा कम थियो भने २०७८ मा सो भाषाको वक्ताको सङ्ख्या बढेर एक लाखभन्दा बढी भएको देखिन्छ।

**एक हजारभन्दा कम र एक सयभन्दा बढी वक्ता सङ्ख्या भएका भाषाहरू (राष्ट्रिय जनगणना २०७८)**


चित्र : ४




यस तालिकाअनुसार मधेश प्रदेशमा जम्मा ६२ भाषामध्ये उन्नाइस ओटा भाषाका वक्तासङ्ख्या एक हजारभन्दा कम तथा एक सयभन्दा बढी रहेका छन् । भौगोलिक तबरले सानो प्रदेश भए तापनि भाषाको उपस्थिति उल्लेखनीय मात्रामा रहेको देखिन्छ । तथापी, देशको भाषिकनीति र योजनाका कारण अधिकांश भाषा लोप हुने अवस्थामा पुगेको छ । भाषाको लिपि तथा अध्ययन अनुसन्धान नभएकोले धेरै भाषा लोपोन्मुख रहेको प्रष्ट देखिन्छ । भाषाहरूको साहित्य, सञ्चार, शिक्षण तथा सरकारी कामकाजको भाषाको रूपमा पाउने स्थानले त्यसको संरक्षण र संबर्द्धनमा सहयोग पुग्ने देखिन्छ । प्रस्तुत भाषाहरूलाई नेपालमा बोलिने दोस्रो भाषाको प्रभाव तथा राज्यको दोस्रो भाषानीतिले प्रत्यक्ष प्रभाव पारेको देखिन्छ ।

**एक सयभन्दा कम वक्ता भएका भाषाहरू (रा.ज.ग. २०७८)**

चित्र : ५




राष्ट्रिय जनगणना २०७८ अनुसार मधेश प्रदेशमा बोलिने विभिन्न ६२ भाषामध्ये अधिकांश भाषा एक सयभन्दा कम वक्ता सङ्ख्या रहेको देखिन्छ। यस आधारमा २३ ओटा भाषा एक सयभन्दा कम वक्ता भएका भाषा रहेका छन्। यसरी हेर्दा यी सम्पूर्ण भाषाहरू लोपको संघारमा रहेको देखिन्छ। तथ्यांक अनुसार, सबैभन्दा कम वक्ता भएको मातृभाषा "खालिङ्ग" हो, जसका जम्मा १० जना वक्ता छन् – ४ पुरुष र ६ महिला। यो संख्या नेपालको कुल जनसंख्याको

०.००% मात्र हो, जुन अत्यन्त न्यून हो । यो तथ्यले देखाउँछ कि खातलङ भाषा लोपोन्मुख अवस्थामा छ । यी २३ ओटा भाषाहरूको वक्ताको यति कम संख्या हुनुको अर्थ यो भाषा दैनिक प्रयोगबाट हराउँदै गएको छ, र सम्भवतः नयाँ पुस्तामा हस्तान्तरण हुन सकेको छैन । यस्तो अवस्थामा भाषा जोगाउन विशेष पहल आवश्यक हुन्छ – जस्तै दस्तावेजीकरण, स्थानीय तहमा भाषा पुनर्जीवन कार्यक्रम, र विद्यालयस्तरमा पाठ्यक्रम समावेश गर्ने प्रयास । त्यसैले प्रस्तुत भाषा नेपालका अति संकटग्रस्त भाषाहरू हुन्, जुन तुरुन्त संरक्षण नभए भविष्यमा पूर्णतः लोप हुने खतरा छ ।

### काउस एण्ड माइकलको सिद्धान्तअनुसार मधेश प्रदेशको भाषाको अवस्था

मधेश प्रदेशमा बोलिने भाषाहरूमध्ये तिन ओटा भाषा मैथिली, भोजपुरी र बज्जिका सुरक्षित भाषाको रूपमा रहेको छ । त्यस्तै नेपाली, थारु, उर्दू, मगही र तामाङ् भाषा गरी पाँच ओटा भाषा असुरक्षित/सङ्कटग्रस्त भाषाको रूपमा रहेको छ । यसभन्दा बाहेक ५४ ओटा भाषा लोपोन्मुख भाषाको रूपमा रहेको छ । नेपालको अधिकांश भाषाहरू यस सिद्धान्तअनुसार लापोन्मुख भाषाको रूपमा रहेको छ । मधेश प्रदेशमा सरकारी कामकाजको भाषाको रूपमा सिफारिस भएका भाषाहरू मैथिली, भोजपुरी, बज्जिका र थारु रहेकोमा मैथिली, भोजपुरी र बज्जिका सुरक्षित रहेको देखिन्छ ।

### भाषाको स्तरगत वर्गीकरणका आधारमा मधेश प्रदेशका भाषाहरू

भाषाको स्तरगत योजना भाषिक स्थितिको कोणबाट गरिने योजना हो । गणनीय कार्यमा सबै भषा उस्तै भए पनि प्रयोगका तहमा भाषहरूको अवस्था फरक फरक हुन्छ । विशेषतः भाषको अध्ययन समाजपरक, प्रयोगपरक र संरचनापरक गरी तीन तहमा गरिन्छ । जुन रूपमा भाषा गणना गरिन्छ अर्को पटक गणना नगरुन्जेलकोबिचको अवधिमा भाषा विकसित, विकासशील, सङ्कटापन्न एमम् जुनसुकै स्थितिमा रहन सक्छ (पौडेल र भट्टराई, २०७७, पृ.२५८-२५९) । यसैका आधारमा मधेश प्रदेशको भाषाको अवस्था देहायबमोजिम रहेको छ ।

**विकसित भाषा :** बहुप्रयोगका दृष्टिले सबै विषय क्षेत्रमा प्रचलित भाषा सम्पन्न भाषा हो । पूर्णरूपमा विकसित भाषाहरू यस कोटिमा पर्दछन् (पृ.२६०) । मधेश प्रदेशमा बोलिने नेपाली भाषामात्र यस कोटिमा परेको देखिन्छ ।

**विकासशील भाषा :** विकासोन्मुख अवस्थाबाट फट्को मारेर विकास हुँदै गरेको वा प्रगतिको बाटोमा गतिशील रूप नै विकासशील अवस्था हो । अविच्छिन्न रूपमा विकासको गतिमा अगाडि बढेका भाषाहरू विकासशील भाषा हुन् । विकासशील भाषाहरूमा एकातिर वक्ता सङ्ख्या वृद्धि हुनका साथै साहित्य, कला, कानुन। शिक्षा, सञ्चार, स्वास्थ्य, प्रविधि तथा ज्ञान विज्ञान एवम् पर्यटन उद्योग जस्ता व्यावशायका क्षेत्रमा शब्दभण्डारको विकास, प्रयोग र विस्तारजस्ता कुराहरू पनि सँगसँगै भएको हुन्छ (पृ.२६३) । यस आधारमा मधेश प्रदेशमा बोलिने मैथिली, भोजपुरी, बज्जिका, थारु, उर्दू, मगही र तामाङ्ग भाषा विकासशील भाषाको कोटिमा रहेको देखिन्छ ।

**सङ्कटापन्न भाषा :** बोलिचाली भाषको जीवन्त अवस्था हो । यो भाषाको प्राकृतिक र कथ्य रूप हो । नेपालको सन्दर्भमा १० हजारसम्म वक्तासङ्ख्या भएका भाषाहरूलाई सङ्कटापन्नको कोटिमा राख्नु उपयुक्त हुन्छ (पृ.२६७) । यस आधारमा मधेश प्रदेशका मगर(ढुट), हिन्दी, नेपाल भाषा (नेवार), दनुवार, उराँव, माझी, राई, मुसलमान, मारवाडी र गुरुङ्ग भाषाहरू यस कोटिमा परेको देखिन्छ ।

**लोपोन्मुख भाषा :** बोलचालमा रहेका भाषाका वक्ताहरू घट्दो क्रममा देखिएको अवस्था लोपोन्मुख अवस्था हो । वक्ताको अभाव बढ्दै गई पुस्तान्तरण नहुने स्थितिमा रहेका भाषाहरू लोपोन्मुख श्रेणीमा पर्दछन् । कम्तीमा एक हजारभन्दा कम वक्ता सङ्ख्या भएका  भाषाहरूलाई लोपोन्मुखको कोटिमा राख्न सकिन्छ । यस आधारमा मधेश प्रदेशमा बोलिने अवधि, बङ्गला, सुनुवार, भुजेल, संस्कृत, खस, चामलिङ्ग, दुमी, थामी, मगर खाम, घले, वाम्बुले, याक्थुङ / लिम्बू, चेपाङ, बोटे, पहरी , डोटेली, हायू/भ्यायू र पञ्जाबी भाषाहरू लोपोन्मुख भाषाको कोटिमा परेको देखिन्छ ।

**मृतभाषा :** जीवन्त भाषा प्रयोगमा आउन छोडेपछि क्रमशः शून्य अवस्थामा पुग्छ र अन्त्यमा अस्तित्व नै समाप्त हुन्छ । अतः भाषिक शून्यता र अस्तित्वका समाप्ति नै भाषिक मृत्यु हो । यस आधारमा मधेश प्रदेशमा बोलिने भाषाहरू २०६८ को जनगणनामा ८९ र २०७८ मा ६२ मात्र रेकर्ड भएकोमा बाँकि २७ भाषा लगायत राजबंशी, बान्तवा, सिंह भाषा, जिरेल, थुलुङ, कुमाल, बाहिङ / बायाङ, अङ्ग्रेजी, जेरो / जेरुङ, सन्थाली, तिलुङ, सिन्धी, शेर्पा, बझाङ्गी,

धिमाल, दैलेखी, साम्पाङ, कोचे, दरई, तिब्बती र खालिङ्गजस्ता भाषाहरू मृत्युन्मुख रहेको देखिन्छ ।

## निष्कर्ष

मधेश प्रदेशको भाषिक अवस्था अध्ययनमा आधारित यस अध्ययनका आधारमा मधेश प्रदेशमा १ लाखभन्दा बढी बोलिने भाषाहरूको सङ्ख्या ८ रहेको छ । जसअन्तर्गत मैथिली, भोजपुरी, बज्जिका, नेपाली, थारू, उर्दू, मगही र तामाङ भाषा पर्छन् । एक लाखभन्दा कम र एक हजारभन्दा बढी वक्ता भएका भाषाहरको सङ्ख्या जम्मा एघार रहेको छ । मधेश प्रदेशमा बोलिने ६२ ओटा भाषामध्ये उन्नाइस ओटा भाषाका वक्तासङ्ख्या एक हजारभन्दा कम रहेका छन् । एक सयभन्दा कम वक्तासङ्ख्या रहेका भाषाहरुको सङ्ख्या २३ रहेको छ । मधेश प्रदेशमा बोलिने भाषाहरुको विकास र समृद्धिको नीति बनाउने प्रयोजनका लागि एक लाखभन्दा बढी सङ्ख्याले मातृभाषाका रुपमा प्रयोग गर्ने भाषाहरुबाट काम अघि बढाउन सकिन्छ । जसलाई क्रमशः अल्पसङ्ख्यक भाषासम्म पुऱ्याउनुपर्ने देखिन्छ । मधेश प्रदेशमा बोलिने प्रायजसो भाषाहरु २०६८ सालको जनगणनामा आइसकेका देखिन्छन् । २०६८ सालको जनगणनामा आएका भाषाहरुमध्ये केही भाषाहरु २०७८ सालको जनगणनासम्म आइपुग्दा लोप भइसकेको देखिन्छ । भाषा लोप हुन सक्ने अवस्थालाई दृष्टिगत गरी भाषाहरुको संरक्षणका लागि राज्यले आवश्यक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने हुन्छ ।

## सन्दर्भसूची

अश्क, गोपाल (२०८०), *मधेश प्रदेशमा बोलिने भाषाहरूको सङ्क्षिप्त परिचय,* (अप्रकाशित लेख) ।

खनाल, पेशल (२०८०), *शैक्षिक अनुसन्धान पद्धति,* सनलाइट पब्लिकेसन ।

दाहाल, पुष्पराज , खतिवडा, शिवप्रसाद (२०६५ वि.सं.). एन इन्ट्रोडक्सन टु आर्किओलजी एम.के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

नेपाल सरकार, नेपालमा बोलिने भाषाहरू (२०२१), राष्ट्रिय तथ्याङ्क कार्यालय ।

नेपाल सरकार, नेपालमा जनगणना (२०६८), राष्ट्रिय तथ्याङ्क कार्यालय ।

नेपाल सरकार, नेपालमा जनगणना (२०७८), राष्ट्रिय तथ्याङ्क कार्यालय ।

नेपाल सरकार, राष्ट्रिय जनगणना र सञ्चारमाध्यम (२०७८), राष्ट्रिय तथ्याङ्क कार्यालय ।

बन्धु, चुणामणि (२०६५), *अनुसन्धान तथा प्रतिवेदन लेखन,* विद्या पब्लिकेसन्स ।

भाषा आयोग (२०८०), *भाषा आयोगको प्रतिवेदन (आठौँ),* (२०८० श्रावण देखि २०८१ असारसम्मको), नेपाल सरकार ।

युनेस्को अस्थायी विशेषज्ञ समूह (२००३), *भाषा जीवन्तता र लोप हुने अवस्था,* युनेस्को ।

शर्मा केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६८), *नेपाली भाषाशिक्षणका सन्दर्भहरू,* विद्यार्थी पुस्तक भण्डार ।